# सानीभेरी गाउँपालिकाको बैठक र तालिममा सहभागीहरुलाई दिईने भत्ता सम्बन्धी कार्यविधि, २०७५

गाउँपालिकाबाट स्वीकृती मितिः २०७५।०७।८

**प्रस्तावनाः**

सानीभेरी गाउँपालिकाको बैठक, गाउँसभा बैठक, बिषयगत समितिको बैठक भत्ता प्राप्त हुने गरी आयोजना हुने बैठकहरु तथा गाउँपालिकाले सञ्चालन गर्ने तालिम, गोष्ठी, सेमीनारका सहभागीहरुले पाउने भत्तालाई नियमित र व्यवस्थित गर्न वाञ्छनिय भएकाले सानीभेरी गाउँपालिकाले यो मापदण्ड बनाई लागू गरेको छ।

१. **सम्क्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम सानीभेरी गाउँपालिका बैठक, तालिममा सहभागीहरुलाई दिईने भत्ता सम्बन्धी मापदण्ड २०७५ रहेको छ।

(२) यो मापदण्ड गाउँकार्यपालिकाबाट पारित भएपछि सानीभेरी गाउँपालिका भर लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "बैठक" भन्नाले गाउँ कार्यपालिकाको बैठक, गाउँ सभा बैठक, गाउँपालिकाको आयोजना हुने विभिन्न विषयगत समितिका बैठकहरु वडा समितिका बैठक तथा विशेष उद्देश्य र निर्णयको लागि आयोजना हुने विशेष विषयहरु (पदपूर्ति समिति, शिक्षा समित, बोलपत्र मूल्यांकन समिति, बोलपत्र खोल्न गठित समितिजस्ता नियमित बैठक नभई विशेष प्रयोजनमा आयोजना हुने बैठकहरु) सँग सम्बन्धित बैठकलाई सम्झनु पर्छ।

(ख) **"तालिम"**भन्नाले कुनै व्यक्तिको सामर्थ्य, उत्पादकत्व र कार्य सम्पादनस्तरमा सुधार गरी प्रतिस्प्रधात्मक क्षमता अभिवृद्धिको लागि वा सीप र ज्ञानको दायरा बढाउने कार्य प्रयोजनको लागि गाउँपालिका वा अन्य सरोकारवाला जिम्मेवार निकायले आयोजन गर्ने तालिम, गोष्ठी, सेमिनार, अभिमूखिकरण, कार्यशाला समेतलाई सम्झनु पर्दछ।

(ग) **"सहभागी"**भन्नाले माथि उल्लेखित परिभाषा खण्डको उपखण्ड (क) र (ख) बमोजिमका बैठक, तालिम, गोष्ठी, सेमिनार, अभिमुखीकरण, कार्यशालाहरुमा सहभागिता जनाउने गरी पत्राचार गरिएका एवम् प्रचलित कानून बमोजिम बैठक वा तालिममा सहभागि हुने भनि तोकीएका व्यक्तिहरुलाई सम्झनु पर्दछ।

(घ) **"प्रशिक्षक"**भन्नाले सम्बन्धित विषयको ज्ञान र सीप भएका वा सो विषयमा अध्ययन, अनुसन्धान, परामर्श, अनुभव हासिल गरेका तालिम, गोष्ठी सेमिनार, अभिमुखीकरण, कार्याशालाहरुमा सहजीकरण गर्ने व्यक्तिहरुलाई सम्झनु पर्दछ।

(ङ) **"व्यवस्थापक"**भन्नाले बैठक, तालिम, गोष्ठी कार्यशाला, सेमिनारमा प्रशिक्षक एवम् सहभागीहरुलाई सहजिकरण गर्ने गरी गाउँपालकाको हकमा तालिम, गोष्ठी तथा



नरबहादुर पुन
अध्यक्ष

बैठक व्यवस्थापन उपशाखा प्रमुख वा गाउँपालिकाले उल्लेखित कार्यको लागि तोकेको गाउँपालिकाको कर्मचारीलाई सम्झनु पर्दछ।

३. **भत्ता सम्बन्धी व्यवस्था:** बैठक, तालिम, गोष्ठी, सेमिनार, अभिमुखीकरण, कार्यशालाहरुमा सहभागीहरुले तपशिल बमोजिम भत्ता पाउनेछन्।

तपशिल

१. गाउँ कार्यपालिका, गाउँसभा बैठक

| क्र.सं. | विवरण | भत्ता रकम | कैफिएत |
|---|---|---|---|
| क | सहभागी | १२०० | प्रति बैठक |
| ख | ब्यवस्थापक | १२०० | प्रति बैठक |
| ग | कार्यलय सहयोगी | ६०० | प्रतिदिन/ काममा खटिएमा मात्र |

२. विषयगत समितिका बैठकहरु

| क्र.सं. | विवरण | भत्ता रकम | कैफिएत |
|---|---|---|---|
| क | सहभागी | १२०० | प्रति वैठक |
| ख | व्यवस्थापक | १२०० | प्रतिबैठक |
| ग | कार्यलय सहयोगी | ६०० | प्रतिदिन काममा खटीएमा मात्र |

३. तालिम, गोष्ठी, सेमिनार, अभिमुखिकरण, कार्यशालाहरु

| क्र.स. | विवरण | भत्ता रकम | कैफिएत |
|---|---|---|---|
| क | प्रशिक्षक | २००० | प्रतिसेसन |
| ख | व्यवस्थापक | १२०० | प्रतिबैठक |
| ग | सहभागी | ६०० | प्रतिबैठक |
| घ | कार्यालय सहयोगी | ६०० | प्रतिदिन काममा खटीएमा मात्र |

३. **मापदण्ड लागू नहुने:-**

आफैले खर्च व्यहोर्ने गरी सञ्चालन हुने संघीय सरकार, प्रदेश सरकार,जिल्ला समन्वय समिति विभिन्न सरकारी तथा गैर सरकारी संघसंस्था लगाएतले आयोजना गर्ने बैठक तथा तालिमको लागि यो मापदण्ड लागू हुने छैन।

४. **प्रचलित कानूनमा उल्लेख भएको हकमा सोही बमोजिम हुनेछ,**संघीय तथा प्रदेश कानूनर गाउँसभा वा गाउँकार्यपालिकाबाट पारित अन्य कानूनमा बैठक तथा तालिम सम्बन्धमा उल्लेख भए बमोजिम हुनेछ।

५. **लागू नहुने:-** यस अघि बैठक तथा तालिम भत्ता सम्बन्धमा भएका कार्यहरुको हकमा यो मापदण्ड लागू हुने छैन।

गाउँपालिकाबाट स्वीकृती
मिति:- २०७५/०७ /०८

प्रमाणिकरण
मिति:-२०७५/०७ /१०



नरबहादुर पुन
अध्यक्ष